आयोगवाट स्वीकृत  मितिः २०७६/०९/२५

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७६

**प्रस्तावनाः** राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आफ्नो संवैधानिक तथा कानूनी जिम्मेवारी निर्वाह गर्ने सिलसिलामा राजस्वको बाँडफाँड, अनुदान वितरण, आन्तरिक ऋणको सीमा निर्धारण, प्राकृतिक स्रोतको परिचालन एवं बाँडफाँट लगायतका विषयमा अध्ययन अनुसन्धान गरी सिफारिस गर्ने जस्ता काम कारवाहीलाई प्रभावकारी, विश्वसनीय र पारदर्शी बनाई प्राकृतिक स्रोत र वित्तको संघ, प्रदेश र स्थानीय तहबीच समन्यायिक रुपले वितरण गर्ने कार्यलाई अझ बढी स्वतन्त्र, निष्पक्ष एवं वस्तुनिष्ठ बनाउने उद्देश्यले आयोगका पदाधिकारी एवं कर्मचारीहरुले पालना गर्नु पर्ने पदीय एवं पेशागत आचरणका सम्बन्धमा व्यवस्था गर्न सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा २३ को उपदफा (२) को खण्ड (ख) तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ को नियम १८ ले दिएको अधिकार प्रयोग गरी यो आचार संहिता जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस आचार संहिताको नाम "**राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका पदाधिकारी एवं कर्मचारीहरुको आचार संहिता, २०७६**" रहेको छ।

(ख) यो आचार संहिता आयोगबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "आयोग" भन्नाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्झनु पर्छ।

(ख) "कर्मचारी" भन्नाले नेपाल सरकारले खटाई पठाएका आयोगमा कार्यरत कर्मचारी सम्झनु पर्छ र सो शब्दले आयोगमा कार्यरत स्थायी, अस्थायी, सेवा करार तथा ज्यालादारीमा कार्यरत कर्मचारी वा व्यक्ति समेतलाई जनाउँछ।

(ग) "नियमावली" भन्नाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग नियमावली, २०७६ सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्य सम्झनु पर्छ।

(ङ) "विशेषज्ञ" भन्नाले आयोगमा विशेषज्ञ वा विज्ञको रुपमा काम गर्न नियमावलीको नियम १४ बमोजिम आयोगबाट नियुक्त विशेषज्ञ सम्झनु पर्छ।

३. **<u>आचार संहिताको पालना</u>** : देहायका व्यक्तिहरुले यो आचार संहिताको पालना गर्नु पर्नेछः

(क) आयोगमा कार्यरत पदाधिकारीहरु,

(ख) आयोगमा कार्यरत कर्मचारीहरु,

(ग) आयोगबाट नियुक्त विशेषज्ञहरु,

(घ) आयोगको कार्यमा खटिएका कर्मचारीहरु।

४. **<u>स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र समानता सम्बन्धी आचरण</u>** : आयोगका पदाधिकारी एवं कर्मचारीले स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र समानता सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) आयोगको संस्थागत एवं कार्यगत स्वतन्त्रता र निष्पक्षता अभिवृद्धि गर्न कटिवद्ध रहने,

(ख) आयोगको कार्य सम्पादन गर्दा कसैप्रति पूर्वाग्रह, पक्षपात वा भेदभाव गर्न नहुने,

(ग) आयोगको सिफारिस सम्बन्धी कामको गोपनीयता कायम गर्ने,

(घ) आयोगको कार्यसम्पादन गर्दा वा पदीय दायित्व तथा कर्तव्य निर्वाह गर्दा वाह्य वा आन्तरिक कुनै पनि क्षेत्रबाट कुनै पनि कारणले प्रत्यक्ष वा परोक्षरुपमा आउने प्रभाव, प्रलोभन, दवाव, भनसुन, धम्की, आग्रह आदिबाट प्रेरित वा प्रभावित नभई कानूनले सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक सम्पादन गर्ने,

तर कानून बमोजिम निर्देशन वा आदेश दिन वा जिम्मेवारी पाएको पदाधिकारी वा कर्मचारीले आफू मातहतका पदाधिकारी वा कर्मचारीलाई आवश्यक निर्देशन दिई काममा लगाउन यसले बाधा पुऱ्याएको मानिने छैन।

(ङ) राष्ट्र र जनताको वृहत्तर हितलाई प्राथमिकता दिई संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहमा सिफारिस सम्बन्धी कार्य गर्दा कुनै पनि प्रकारको मोलाहिजा, पक्षपात वा पूर्वाग्रह नराखी आफ्नो पदीय दायित्व एवं कर्तव्यको पालना गर्ने,

(च) सेवाग्राही र सरोकारवालाप्रति सम्मानजनक, शिष्ट र मानवीय व्यवहार गर्ने,

(छ) आयोगप्रतिको जनविश्वास अभिवृद्धि गर्न आफ्नो व्यवसायिक तथा निजी जीवनमा अनुकरणीय आचरण प्रदर्शन गरी उदाहरणीय रुपमा प्रस्तुत हुने।

५. **<u>सदाचार र अनुशासन सम्बन्धी आचरण</u>**: आयोगका पदाधिकारी एवं कर्मचारीहरुले सदाचार र अनुशासन सम्बन्धी देहायका कार्यहरु गर्नु पर्नेछ :

(क) आफूले कुनै पनि सार्वजनिक संस्थालाई तिर्नुपर्ने, फछ्र्यौट गर्नुपर्ने वा बुझाउनु पर्ने रकम, कर, दस्तुर, दण्ड, जरिवाना वा महसुल कानून बमोजिम बुझाउने,

(ख) आयोगको उद्देश्य, नीति, कार्यक्रम, मूल्य एवं मान्यताप्रति सदा समर्पित हुने,

(ग) आयोगको कार्य सम्पादन लगायतका अन्य पदीय कर्तव्य पालना गर्दा बिना पूर्वाग्रह गोपनीयता कायम राखी इमान्दारी तथा दक्षतापूर्वक जिम्मेवारी निर्वाह गर्ने,

(घ) आयोगका अधिकारप्राप्त पदाधिकारी वा आयोगको काममा संलग्न विशेषज्ञ वा कर्मचारीबाट भएका काम कारवाहीको निष्पक्षता र गोपनीयतामा असर पर्ने कुनै कार्य भएको छ भन्ने जानकारी प्राप्त भएमा आयोगलाई त्यसको अविलम्ब जानकारी गराउने,

(ङ) आयोगका पदाधिकारी एवं कर्मचारीले आफ्नो पदीय हैसियतमा प्राप्त गर्ने सुविधा वा सहुलियतको दुरुपयोग नगर्ने, नगराउने,

(च) आयोगमा कार्यरत कर्मचारीहरुले आयोगबाट उपलब्ध गराइएको परिचयपत्र कार्यालय समयमा सबैले देख्ने गरी लगाउने,

(छ) पोशाक भत्ता लिने राष्ट्रसेवकले तोकिएको दिनहरुमा तोकिए बमोजिमको पोशाक लगाउने र अन्य दिन कार्यालयमा वा कार्यालयको जिम्मेवारीमा रहँदा मर्यादित पोशाक लगाउने,

(ज) आयोगका निर्णयहरुको कार्यान्वयन एवं दैनिक कार्यसम्पादन गर्दा गराउँदा प्रचलित ऐन नियमको परिपालना, नियमितता, अनुशासन, आचरण र मर्यादित व्यवहारलाई अनुसरण गर्दै सदाचारिता कायम गर्ने।

६. **<u>पेशागत आचरण:</u>** आयोगका पदाधिकारी एवं कर्मचारीले पेशागत आचरण सम्बन्धमा देहाय बमोजिम गर्नु पर्नेछः

(क) संवैधानिक तथा कानूनी जिम्मेवारीप्रति संवेदनशील हुँदै कार्यसम्पादन गर्ने, गराउने,

(ख) तोकिएको समयमा कार्यालयमा उपस्थित भई अनिवार्य रुपमा हाजिरी जनाउने,

(ग) आदेशको श्रृङ्खला (Chain of Command) को परिपालना गर्ने, आयोग र कर्मचारीतन्त्रका मूल्य मान्यताको कदर गर्दै एक-आपसमा शिष्ट, सम्मानजनक एवं मर्यादित व्यवहार गर्ने,

(घ) स्वीकृति प्राप्त अधिकारीले आयोगको काम, कारवाहीको विषयमा सञ्चार माध्यम वा अन्य निकायलाई जानकारी दिदा वा प्रेस विज्ञप्ति जारी गर्दा मर्यादित, वस्तुनिष्ठ, स्पष्ट र संक्षिप्त भाषा प्रयोग गर्ने,

(ङ) आयोगको गरिमा, मर्यादा र स्वतन्त्रतामा आँच पुग्ने गरी कुनै काम कारवाही गर्न गराउन नहुने र त्यस्ता कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुन नहुने,

(च) आफूलाई सुम्पिएको जिम्मेवारी तोकिएको समय भित्रै पूरा गर्ने तथा आफ्नो जिम्मेवारी अरुलाई पन्छाउन नहुने र आफूलाई अख्तियारी प्राप्त नभएको क्षेत्राधिकार भित्र अनाधिकृत ढंगले प्रवेश गर्न नहुने,

(छ) आफ्नो पदीय जिम्मेवारीलाई मर्यादित, गरिमामय र प्रभावकारी बनाउन सधैं सकारात्मक सोच राखी क्रियाशील रहने,

(ज) अख्तियारवालाको पूर्व स्वीकृति नलिई बिदा बस्न वा काजमा जान नहुने र बिदा वा काजमा रहँदा कार्यालयको काममा बाधा नपर्ने गरी व्यवस्था मिलाउनु पर्ने।

७. **<u>गर्न सक्ने कार्यहरु</u>**: आयोगका पदाधिकारी एवं कर्मचारीहरुले देहायका कार्यहरु गर्न सक्नेछन् :

(क) आयोगको काम कारवाहीमा प्रतिकूल प्रभाव नपर्ने गरी आफूले विशेषज्ञता हासिल गरेको विषयमा लिखित वा मौखिक परामर्श र प्रवचन दिन तथा कानूनसम्मत अध्ययन, अनुसन्धान र अध्यापन गर्न,

(ख) आयोगको काममा बाधा नपर्ने गरी साहित्य, कला, संस्कृति, खेलकूद, ज्ञान, विज्ञान, प्रविधि, मनोरञ्जन एवं सामाजिक संस्थाहरुमा आवद्ध हुन र त्यस्ता संस्थाहरुमा सहभागी हुन,

(ग) राजनैतिक दल र सोसँग सम्बद्ध भातृ संगठन बाहेक सरकारी तथा अन्य संघ संस्थाहरुले आयोजना गरेको सभा, गोष्ठी आदिमा आयोगको काममा बाधा नपर्ने गरी सहभागी हुन,

(घ) आयोगले गोप्य राख्नु पर्ने प्रकृतिका विषयहरु बाहेक आयोगको उद्देश्य, नीति र कार्यक्रमका सम्बन्धमा प्रतिकूल असर नपर्ने खालका लेख रचना प्रकाशन गर्न,

(ङ) नेपाल सरकार, कानून बमोजिम स्थापित बैंकिङ्ग एवं वित्तीय संस्था तथा सार्वजनिक कम्पनीहरुले सार्वजनिक रुपमा जारी गरेको ऋणपत्र, बचतपत्र, शेयर खरिद विक्री गर्न वा लाभांश लिन,

(च) सबैको लागि खुला गरिएको प्रतिस्पर्धामा सहभागी भै पुरस्कार, पदक, प्रमाणपत्र एवं सम्मान ग्रहण गर्न,

(छ) नेपाल सरकार वा वैदेशिक संस्था वा कुनै सार्वजनिक संस्थाले आयोजना गरेको कार्यक्रम, समारोह, भोज भतेर वा रिसेप्सनमा मर्यादित रुपमा भाग लिन,

(ज) संवैधानिक निकायको गरिमा बढाउने काम गर्न।

८. **<u>गर्न नसक्ने कार्यहरु</u>**: आयोगका पदाधिकारी एवं कर्मचारीहरुले देहाय बमोजिमका कार्यहरु गर्नु हुँदैनः-

(क) आयोगबाट सम्पादित काम कारवाहीमा असर पर्ने गरी वा आयोगको निष्पक्षता, गोपनीयता वा विश्वसनीयतामा आँच पुग्ने गरी जानाजान कुनै प्रकारको टिकाटिप्पणी वा आलोचना गर्न वा सार्वजनिक वा अन्य कुनै रुपमा अभिव्यक्ति दिन,

(ख) आयोगको सहमति बेगर आयोगको तर्फबाट कुनै प्रकारको अनधिकृत प्रतिवद्धता वा प्रतिज्ञा गर्न,

(ग) आफ्नो कर्तव्य पालना गर्दा जानकारीमा आएको कानून बमोजिम गोप्य राख्नुपर्ने विषय वा कागजात वा ब्यहोरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट प्रकाशन गर्न,

(घ) आफू, आफन्त वा आफ्नो निकटका नातेदार वा व्यक्तिहरुसँग सम्बन्धित कुनै काम गराउन वा नगराउनको लागि आफू कार्यरत वा अन्य निकायका पदाधिकारीलाई दवाव दिन वा अनुचित प्रभाव पार्न,

(ङ) गोपनीयता कायम गर्नुपर्ने काम कारवाहीका विषयहरुमा अनावश्यक रुपमा खोजीनीति गर्न वा चासो लिन,

(च) आयोगसँग आर्थिक कारोवार गरिरहेको वा आयोगबाट सम्पादन हुने कार्यसँग सम्बन्धित व्यक्ति वा संस्थाबाट कुनै दान, दातव्य, ऋण, आर्थिक वा भौतिक लाभ, उपहार वा कोसेली ग्रहण वा स्वीकार गर्न,

तर विशुद्ध पारिवारिक सम्बन्ध र व्यक्तिगत मित्रताको आधारमा प्रदान गरिएको दान, दातव्य, ऋण, उपहार वा कोसेली ग्रहण गर्न बाधा पर्ने छैन।

(छ) माथिल्लो तहका पदाधिकारी एवं कर्मचारीले आफू मातहतका निकाय वा कर्मचारीबाट कुनै किसिमको उपहार तथा कोसेली ग्रहण गर्न,

(ज) आफ्नो ओहोदा एवं अख्तियारी आफू वा आफ्नो परिवार वा कसैको अनुचित लाभ पुग्ने गरी प्रयोग गर्न,

(झ) आयोगको सम्पत्ति वा सुविधा कार्यालय प्रयोजनको लागि वा आफ्नो पदीय हैसियतलाई सुहाउँदो किसिमले बाहेक अन्य व्यक्तिगत काममा प्रयोग गर्न,

(ञ) कार्यालय समयलाई आफ्नो व्यक्तिगत कार्यमा प्रयोग गर्न,

(ट) कुनै गैर सरकारी संघ/संस्थाको पदाधिकारी हुन वा त्यस्तो संस्थाको अनुचित वा गैरकानूनी कृयाकलापमा संलग्न हुन,

(ठ) प्रचलित कानून बमोजिम बाहेक बाह्य रोजगारी स्वीकार गर्न,

(ड) कुनै राजनैतिक दल वा त्यस्तो दलसँग आवद्ध कुनै संघ/संस्थाको सदस्यता ग्रहण गर्न,

(ढ) आयोगको कामसंग सम्बन्धित विषयमा सरोकारवाला पक्ष, संस्था, निकाय, पदाधिकारी वा व्यक्तिसंग स्वार्थ बाझिने (Conflict of Interest) काम गर्न र पूर्वाग्रह, पक्षपात वा भेदभाव गर्न,

(ण) संवैधानिक निकायको गरिमामा आँच आउने कुनै पनि प्रकारको काम, व्यवहार वा आचरण गर्न।

९. **आचार संहिताको अनुगमन** : यो आचार संहिताको पालना सम्बन्धी अनुगमन देहाय बमोजिमका पदाधिकारीबाट गरिनेछः

(क) आयोगको अध्यक्षको हकमा आयोगबाट,

(ख) आयोगको सदस्य वा राजपत्रांकित विशिष्ट श्रेणीको कर्मचारीको हकमा अध्यक्षबाट,

(ग) आयोगको कर्मचारी एवं आयोगबाट नियुक्त विशेषज्ञको हकमा आयोगको सचिव वा निजले तोकेको अधिकृतबाट।

१०. **विविधः**

(क) यस आचार संहिता पालना सम्बन्धी विषयमा द्विविधा उत्पन्न भएमा कर्मचारीहरुले आयोगका सचिव समक्ष र सचिव तथा पदाधिकारीहरुले आयोग समक्ष परामर्श गरी निकासा भए बमोजिम गर्नु पर्नेछ।

(ख) यस आचार संहिताको पालना गर्ने गराउने क्रममा बाधा अड्चन परेमा वा विशेष परिस्थिति आइपरेमा आयोगले तत्सम्बन्धमा आवश्यक निर्णय गरी बाधा अडकाउ फुकाउन सक्नेछ।

(ग) यस आचार संहितामा लेखिएका कुनै कुरा प्रचलित नेपाल कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित नेपाल कानून बमोजिम नै हुनेछ।